# पुतलीबजार नगरपालिका स्याङ्जा

## मेयर संग रोजगार तथा उद्यमशीलता विकास कार्यक्रम संचालन निर्देशिका, २०७७


## स्थानीय राजपत्र

खण्ड : ४ संख्याः ३ मितिः२०७७/०६/५

भाग ३

# पुतलीबजार नगरपालिका
# मेयरसँग रोजगार तथा उद्यमशिलता विकास कार्यक्रम संचालन निर्देशिका, २०७७

**प्रस्तावना**

पुतलीबजार नगरपालिका क्षेत्रभित्र बसोबास गर्ने अति विपन्न वर्ग, पिछडिएका (एकल महिला समेत), दलित, आदिवासी जनजातिहरू, पिछडावर्ग, अपांङ्गता भएका व्यक्ति, लैङ्गिंक अल्पसंख्यक, सेवाको पहुँच कम पुगेका टोल/वस्तीहरुमा नागरिकहरुको बाँच्न पाउने अधिकार सुनिश्चित गरी जोखिममा परेका आधारभुत गरिब परिवारलाई सहयोग, आयआर्जन, सिप विकास र क्षमता अभिबृद्धि मार्फत स्वरोजगार श्रृजना गर्दै गरिबी निवारणमा टेवा पुर्‍याउने अभिप्रायले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम नगर कार्यपालिकाले यो **"मेयरसँग रोजगार तथा उद्यमशिलता विकास कार्यक्रम संचालन निर्देशिका, २०७७"** लागू गरिएको छ ।

## परिच्छेद- १
## संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यो निर्देशिकाको नाम :"मेयरसँग रोजगार तथा उद्यमशिलता विकास कार्यक्रम संचालन निर्देशिका, २०७७" रहनेछ ।

(२) यो निर्देशिका नगरकार्यपालिकाबाट स्वीकृत भए पछि तुरुन्त लागू हुनेछ ।

(३) यो निर्देशिका पुतलीबजार नगरपालिका भित्र लागू हुनेछ ।

**२. परिभाषा :**

(१) "नगरपालिका" भन्नाले पुतलीबजार नगरपालिकालाई जनाउनेछ ।

(२) "वडा" भन्नाले पुतलीबजार नगरपालिकाको वडालाई जनाउनेछ ।

(३) "कार्यालय" भन्नाले पुतलीबजार नगरकार्यपालिकाको कार्यालयलाई जनाउनेछ

(४) "कार्यालय प्रमुख" भन्नाले प्रमुख प्रशासकिय अधिकृतलाई जनाउनेछ ।

(५) "निर्देशिका" भन्नाले : "मेयरसँग रोजगार तथा उद्यमशिलता विकास कार्यक्रम संचालन निर्देशिका, २०७७" लाई जनाउनेछ ।

(६) "कार्यक्रम" भन्नाले प्राविधिक ज्ञान, सिपको अभावमा उद्यम तथा व्यवसायमा लाग्न नसकेका वा ज्ञान, सिप भएता पनि आवश्यक पूँजीको अभावमा उद्यम, व्यापार, व्यवसाय संचालन गरी स्वरोजगार हुन नसकेका लक्षित वर्ग, कोभिड-१९ बाट रोजगारी गुमेका वा प्रभावित व्यक्ति, समुह वा टोल विकास संस्थाहरुलाई प्रदान गरिने क्षमता अभिबृद्धि, सीप विकास, आय आर्जन तथा लगानी सहयोग साथै आधारभूत गरीब परिवारलाई सहयोग गर्ने समेतका क्रियाकलापहरुलाई जनाउनेछ ।

(७) "कृषि" भन्नाले बाली, बागबानी, पशुपन्छी, मत्स्य आदि सँग सम्बन्धित उत्पादन, उद्योग एवं व्यवसायहरु समेतलाई जनाउनेछ ।

(८) "कृषक" भन्नाले कृषि उत्पादनमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न भएको व्यक्तिलाई जनाउनेछ ।

(९) "टोल विकास संस्था" भन्नाले "वडा विकास कार्यक्रम सञ्चालन (पहिलो संशोधान) निर्देशिका २०७५" बमोजिम गठन भएका संथालाई जनाउनेछ ।

(१०) "स्वरोजगार" भन्नाले कुनै पनि व्यक्ति वा समुह वा संस्थाले संचालन गरेको व्यापार, व्यवसाय वा उद्यमबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा आय आर्जन भएको अवस्थालाई जनाउनेछ ।

(११) "संस्था" भन्नाले नगरपालिकाबाट गठित टोल विकास संस्था वा गैर सरकारी संस्थाहरुलाई जनाउनेछ ।

(१२) "उद्यम" भन्नाले कुनै व्यक्ति वा संस्थाले संचालन गरेको कृषि तथा गैर कृषि क्षेत्रको व्यापार, व्यवसाय वा

स्थानीय राजपत्र

उद्योगलाई जनाउनेछ ।

(१३) "उद्यमी" भन्नाले नाफा कमाउने उद्देश्यले उद्योग व्यवसाय सञ्चालनका लागि जोखिम बहन गरी लगानी गर्ने व्यक्ति वा समूह वा संस्थालाई जनाउनेछ ।

(१४) "लघु उद्यम" भन्नाले औद्योगिक व्यवसाय ऐन, २०७३ ले परिभाषा गरे अनुरुपका लघु उद्यम सम्झनुपर्छ ।

(१५) "सीप विकास" भन्नाले व्यवसाय स्थापना, विकास तथा प्रवर्द्धनका लागि आवश्यक पर्ने प्राविधिक ज्ञान तथा सिपमूलक तालिमलाई जनाउनेछ ।

(१६) "क्षमता अभिबृद्धि" भन्नाले कुनै व्यक्ति वा समुह वा संस्थाहरुले स्वरोजगार श्रृजनाको लागि कुनै उद्यम, व्यापार व्यवसायसँग सम्बन्धित प्राविधिक ज्ञान सीप सम्बन्धी तालीम कार्यक्रमलाई जनाउनेछ ।

(१७) "विशिष्ट तालिम" भन्नाले एक पटक सीप विकास तालिम लिई व्यवसाय सञ्चालन गरिरहेका उद्यमीलाई सोही विषयमा दिइने उच्च स्तरको तालिमलाई जनाउँदछ । यस शब्दले आधारभूत सीप प्राप्त उद्यमीलाई दिइने थप तालिमलाई समेत जनाउनेछ ।

(१८) "बजारीकरण" भन्नाले लघु उद्यमबाट हुने उत्पादन, मूल्य निर्धारण, प्रवर्द्धन तथा वितरण प्रणालीसँग सम्बन्धित उपभोक्ता केन्द्रित क्रियाकलापलाई जनाउँछ ।

(१९) "आधारभुत गरीब परिवार" भन्नाले स्वरोजगारको अवसरबाट बन्चित आफ्नो उत्पादन वा आयबाट दैनिक गुजारा चलाउन नसक्ने वा बढीमा ३ महिना भन्दा कम समय खान पुग्ने परिवारलाई जनाउनेछ ।

(२०) "सञ्चालक समिति" भन्नाले दफा ७ बमोजिमको समितिलाई जनाउनेछ ।

(२१) "लगानी" भन्नाले कुनै व्यक्ति वा समुह वा संस्थाको व्यवसायिक योजना अनुसार साझेदारीता हुने गरी दफा १० र ११ बमोजिम प्रदान गरिने रकमलाई जनाउनेछ ।

(२२) "संझौता" भन्नाले कार्यक्रम संचालन गर्दा कुनै व्यक्ति वा समुह वा संस्थासँग गरिने दुई पक्षीय लिखित दस्तावेजलाई जनाउनेछ ।

(२३) "उद्यमशीलता विकास" भन्नाले व्यवसाय स्थापना तथा सञ्चालनका लागि आवश्यक उत्प्रेरणा तथा व्यवसायिक ज्ञान प्रदान गर्ने तालीमलाई जनाउनेछ ।

(२४) "साझेदार संस्था" भन्नाले कार्यक्रम सञ्चालनका लागि आर्थिक तथा प्राविधिक सेवा र सहयोग उपलब्ध गराई साझेदारीमा काम गर्ने संस्थालाई जनाउनेछ ।

**३. लक्ष्य :** लक्षित वर्गलाई व्यवसायिक ज्ञान, सिप र क्षमता अभिबृद्धि गरि उद्यम, व्यापार व्यवसायमा संलग्न गराउदै **समृद्ध पुतलीबजार खुसी नगरवासी** बनाउन सहयोग गर्ने ।

**४.उद्देश्य :** मेयरसँग रोजगार तथा उद्यमशिलता विकास कार्यक्रमको उद्देश्यहरु देहाय बमोजिम हुनेछन् ।

(क) लक्षित वर्गलाई जीवन उपयोगी, जीवन निर्वाह गर्ने व्यवसायिक ज्ञान, सिप र क्षमता अभिबृद्धि गरी स्वरोजगार श्रृजना गर्ने ।

(ख) व्यवसायिक उद्यम विकास तथा प्रबर्द्धनका लागि आवश्यक पूँजी उपलब्ध गराउने ।

(ग) सहकारीता तथा सामुहिक व्यवसायको भावना विकास गर्दै पूँजी परिचालन र उद्यम, व्यवसाय विकासमा सहयोग गर्ने ।

(घ) आर्थिक समृद्दि हासिल गराउन सामाजिक परिचालन (टोल विकास संस्था) मार्फत स्वःस्फूर्त समुदाय सुधारको अभियानमा प्रेरित गर्ने ।

(ङ) परम्परागत सीपको प्रबर्द्धन र संरक्षरण गर्दै व्यवसायिक रुपान्तरण गर्ने ।

(च) कोभिड -१९ को कारण विदेश तथा स्वदेशमा जागिर गुमाएकई हाल बेरोजगार, प्रभावित व्यक्तिहरुलाई पुन स्थापित गराउन प्रेरित गर्ने ।

## परिच्छेद- २
## लक्षित समुह तथा वर्ग

**५.कार्यक्रमका लक्षित समुह :**

(१) अति विपन्न वर्ग (दलित, आदिवासी जनजाति, पिछडावर्ग,अन्य), पिछडिएका (एकल महिला समेत), अपाङ्गता भएका व्यक्ति, लैङ्गिंक अल्पसंख्यक,

(२) शैक्षिक वेरोजगार, पूँजी, सिप र ज्ञानको अभावमा व्यापार व्यवसाय वा उद्यम गर्न नसकेका व्यक्ति वा समुह,

(३) सिमान्तकृत कृषक तथा कृषक समुह,

(४) बैदेशिक रोजगारबाट फर्केका स्थानीयस्तरमा उद्यम व्यवसाय गर्न ईच्छुक व्यक्ति वा

(५) समुदायस्तरका टोल विकास संस्था वा अन्य समुहमा आबद्ध सदस्यहरु ।

(६) कोभिड -१९ को कारण विदेश तथा स्वदेशमा जागिर, व्यापार तथा लघुउद्यम व्यवसाय गुमाई हाल बेरोजगार, प्रभावित व्यक्तिहरु

## परिच्छेद- ३
## बजेट व्यवस्था

**६. बजेटको व्यवस्था** : (१) यो कार्यक्रम संचालनको लागि मेयरसँग रोजगार तथा उद्यमशिलता विकास कार्यक्रमका नाममा विनियोजि भए बमोजिमको बजेट हुनेछ

## परिच्छेद- ४
कार्यक्रम सञ्चालक समिति

**७. सञ्चालक समिति :** (१) यो कार्यक्रम संचालन गर्नको लागि देहाय बमोजिमको कार्यक्रम सञ्चालक समिति गठन गरिनेछ :

(क) संयोजक : प्रमुख प्रशासकीय अधिकृत

(ख) सदस्य : आर्थिक विकास समितिको संयोजक

(ग) सदस्य : नगरपालिकाको उद्योग क्षेत्र हेर्ने अधिकृत

(घ) सदस्य : वडा विकास कार्यक्रम शाखा प्रमुख

(ङ) सदस्य सचिव : प्रशास, योजना तथा अनुगमन अधिकृत

(२) सञ्चालक समितिको काम, कर्तव्य, अधिकार देहाय बमोजिम हुनेछ :

(क) मेयरसँग रोजगार तथा उद्यमशिलता विकास कार्यक्रम संचालनको लागि बजेटको व्यवस्था गर्ने,

(ख) कार्यक्रम संचालनको लागी लक्षित वर्ग, टोल विकास संस्था तथा उद्यमीहरुको छनौट गर्ने ।

(ग) वार्षिक कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने गराउने ।

(घ) समितिमा पेश हुन आएका व्यवसायिक योजनाको अध्ययन गरि स्वीकृत गर्ने ।

(ङ) कार्यक्रम संचालनको क्रममा आईपर्ने नीतिगत अस्पष्टताको व्याख्या गर्ने ।

(च) चौमासिक रुपमा कार्यक्रमको समिक्षा गरी कार्यपालिकामा पेश गर्ने ।

स्थानीय राजपत्र

(छ) प्रभावकारी अनुगमन र सुपरिवेक्षण गरी उदेश्य प्राप्तिमा देखिएका समस्याहरुको समाधान गर्ने ।

(ज) सफल उद्यमी वा व्यवसायीहरुको अनुभवहरुलाई प्रचार प्रसार र आदन प्रदान गर्ने ।

(झ) संभावित उद्यमी वा व्यवासायी छनौटका आधारहरु तयार गर्ने ।

(ञ) कार्यक्रम संचालनको लागि आवश्यक पर्ने फारम तथा सूचकहरु निर्धारण गर्ने ।

## परिच्छेद- ५
## कार्यक्रम सञ्चालनका क्षेत्र र विधि

**८. कार्यक्रम सञ्चालनका क्षेत्र :** (१) मेयरसँग रोजगार तथा उद्यमशिलता विकास कार्यक्रम संचालनका मुख्य क्षेत्रहरु निम्न बमोजिम हुनेछ ।

(क) उद्यमशिलता बिकास वा व्यवसाय श्रृजना तथा आर्थिक विकासको क्षेत्र

१. व्यवसायिक कृषि तथा पशु विकास ।

२. साना उद्यम/व्यापार व्यवसाय (ब्यूटी पार्लर, हेन्सम पार्लर, सिलाई कटाई, ढाका बुनाई समेत) ।

३. सहकारितामा आधारित उत्पादनमूलक कार्य ।

४. स्थानीय कच्चा पदार्थमा आधारीत कुटीर उद्योग संचालन ।

५. व्यवसायिक पर्यटन सेवा ।

**९. कार्यक्रम संचालन विधि :** (१) दफा ८ को उपदफा १ को (क) बमोजिमका उद्यम वा व्यवसाय श्रृजना तथा आर्थिक विकासको क्षेत्र कार्यक्रम संचालन गर्दा निम्न विधि र प्रक्रिया अबलम्बन गरिनेछ ।

(क)दफा ८ को उपदफा १ को (क) बमोजिमका कार्यक्रमहरु सञ्चालनका लागि नगरकार्यपालिकाको कार्यालयबाट १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिनेछ ।

(ख) दफा ८ को उपदफा १ को (क) बमोजिमको संभावित उद्यमी व्यवसायी छनोट कार्यमा दफा (५) बमोजिमका लक्षित समुह मध्ये पूँजी, ज्ञान र सीपको अभावमा उद्यम व्यवसायमा लाग्न नसकेका परिवार, उद्यम व्यवसायमा लागेका तर व्यवसायिक दक्षता र साधन श्रोतको अभावमा व्यवसायिकरण गर्न नसकेका व्यक्ति मध्येबाट उद्यम वा व्यवसाय क्षेत्रमा सहभागी हुनको लागि अनुसूचि १ बमोजिमको फाराम भरी तोकिएको समय भित्र नगरकार्यपालिकाको कार्यालयमा निवेदन पेश गर्नुपर्ने छ ।

(ग) दफ ८ को उपदफा १ (क) बमोजिम कार्यक्रम संचालन गर्नको लागी पेश भएका निवेदनहरु मध्ये उद्यम व्यवसाय प्रबर्द्धन हुने संभावित तथा आर्थिक रुपले पछाडी परेका टोल विकास संस्था, फर्म, वा व्यक्ति सञ्चालक समितिले छनोट गर्नेछ ।

(घ) उपदफा १ को (ग) बमोजिम छनोट भई आएका टोल विकास संस्था, फर्म, वा व्यक्तिमा कार्यक्रम कार्यान्वयनको लागि टोल विकास संस्था परिचालन गर्न सकिनेछ ।

(ङ) सञ्चालक समितिबाट निर्णय भई छनौट भएका संभावित उद्यमी व्यवसायीहरुलाई आवश्यक परेमा उद्यमशिलता विकास तालीम र सामाजिक परिचान सम्बन्धी तालीम कार्यक्रम संचालन गरिनेछ ।

(च) उपदफा १ को (ङ) बमोजिमको तालीम पश्चात् उक्त उद्यमी वा व्यवसायीले छनौट गरेको उद्यम वा व्यवसायको व्यवसायिक परियोजना अनुसूची २ बमोजिम तयार गरी सञ्चालक समितिमा स्वीकृतिको लागि पेश गर्नु पर्नेछ ।

(छ) उद्यमशिलता बिकास र व्यवसायिक तालीम संचालन आवश्यकताको आधारमा कार्यालय वा सेवा प्रदायक संस्थाहरुबाट गर्न सकिनेछ ।

(ज) उद्यमी वा व्यवसायीहरुको व्यवसायिक योजनाहरुको संचालन, समन्वय र सहजीकरणको लागि आवश्यक सहजकर्ता नगरपालिकाले मौजुदा कर्मचारी, मेड्पा कार्यक्रमका कर्मचारी वा उद्यम विकास सहजकर्ता सेवा करारमा नियूक्त गरी परिचालन गर्न सकिनेछ ।

(झ) संभावित उद्यमी वा व्यवसायीहरुले एकै कलष्टर वा क्षेत्र मिल्नेगरी व्यक्तिगत वा समुहगत रुपमा उद्यम व्यवसाय संचालन गर्नेलाई विशेष प्राथमिकता दिईनेछ ।

## परिच्छेद- ६

## लगानीको सिमा तथा मापदण्ड

**१०. लगानीको सिमा :** (१) मेयरसँग रोजगार तथा उद्यमशिलता विकास कार्यक्रमको लगानीका सिमाहरु देहाय बमोजिम हुनेछन् :

(क) कार्यक्रमबाट उपलब्ध गराउने सहयोग उद्यमी श्रृजना तथा व्यवसायिक योजनमा आधारित हुनेछ ।

(ख) कार्यक्रमबाट एउटा व्यवसायिक योजनालाई एक पटकलाई मात्र आर्थिक सहयोग गर्नेछ । आवश्यक परेमा परामर्श सेवा निरन्तर उपलब्ध गराउनेछ ।

(ग) समुहमा आबद्ध व्यवसायिक योजनालाई प्राथमिकता दिइनेछ ।

(२) कार्यक्रमबाट श्रृजित उद्यमी वा व्यवसायीलाई अनुदान लगानी गर्दा सञ्चालक समितिको निर्णय बमोजिम संबन्धित व्यक्ति, व्यवसायी, फर्म वा टोल विकास संस्थासँग संझौता गरी सोही मार्फत उपलब्ध गराईनेछ ।

(३) व्यवसायी वा उद्यमीहरुलाई लगानी गर्दा दफा ११ बमोजिमको मापदण्डको आधारमा गर्नु पर्नेछ । यसरी लगानी गर्दा पहिलो किस्ता ७० प्रतिशत र बाँकी ३० प्रतिशत कार्य सम्पन्न भएपछि उपलब्ध गराईनेछ ।

**११. लगानीको मापदण्ड :** (१)उद्यमी वा व्यवसायीहरुको लागि लगानी मापदण्ड देहाय बमोजिम हुनेछ :

| व्यवसायिक योजनाका क्षेत्रहरु | तालिम/गोष्ठीमा (कूल लागतको) | पूर्वाधार निर्माण (कूल लागतको) | औजार उपकरण खरिद (कूल लागतको) | बजारीकरण ( कूल लागतको) | प्रवर्द्धन (कूल लागतको) |
|---|---|---|---|---|---|
| व्यवसायिक कृषि उत्पादन | १००% | ८०% | ७०% | ३०% | ३०% |
| व्यवसायिक पर्यटन सेवा | ७५% | ५०% | ६०% | ४०% | ६०% |
| सहकारितामा आधारित अन्य उत्पादन | ७५% | ५०% | ५०% | ५०% | ५०% |
| स्थानीय कच्चा पदार्थमा आधारित कुटिर उद्योग र साना उद्यम/ ब्यापार व्यवसाय | १००% | ५०% | ५०% | ३०% | ३०% |
| उत्पादन र बजारीकरण समूह र सहकारी प्रवर्द्धन | ७०% | ५०% | ३०% | ३०% | ३०% |
| आधारभूत गरिब परिवार राहत सहयोग | आधारभूत गरिव परिवारलाई नगद तथा बस्तुगत टेवा सहयोग एकपटक मात्र गर्न सक्नेछ भने व्यवसाय सन्चालनको लागि व्यवसायको प्रकृति वमोजिम सञ्चालक समितिले आवश्यकता अनुसार अनुदान सहयोग उपलब्ध गराउन सक्नेछ । | | | | |

नोट : महिलाहरुको समूहद्धारा सन्चालित उद्यम, व्यापार व्यवसायको हकमा माथि उल्लेखित अनुदान सहयोगको मापदण्डमा १००% मा नबढ्ने गरी थप १०% लगानी सहयोग उपलब्ध गराइने छ ।

स्थानीय राजपत्र

## परिच्छेद- ७

## अनुगमन, मूल्याकंन र प्रतिवेदन

**१२. अनुगमन तथा मूल्याकंन :** (१) यो कार्यक्रम नियमित रुपमा अनुगमन मूल्याकंनको लागि कार्यक्रम सञ्चालक समितिले तयार गरेको ढाचाँ र समय तालीका अनुसार गर्नेछ ।
(२) अनुगमन मूल्याकंनको लागि सूचकहरु निर्धारण गरिनेछ ।

**१३. सहकार्य :** यस निर्देशिकाको दफा (८) बमोजिमका क्षेत्रमा संचालन हुने कार्यक्रमहरु सहकार्य र साझेदारी गर्न चाहाने कार्यालय, संस्थाहरुसंग आपसी समझदारीको आधारमा सहकार्य गर्न सकिनेछ ।

## परिच्छेद- ८

## विविध

**१४. दुरुपयोग गर्न नपाईने :** (१) यस निर्देशिका बमोजिम उपलब्ध गराईएको अनुदान रकम जुन प्रयोजनका लागि उपलब्ध गराईएको हो सो प्रयोजन बाहेक अन्यत्र खर्च गरी दुरुपयोग गर्न पाईने छैन । दुरुपयोग गरेको पाईएमा प्रचलित कानून बमोजिम कारवाही गरिनेछ ।

**१५ संशोधन र खारेजी :** (१) यो निर्देशिका आवश्यकता अनुसार नगर कार्यपालिकाले संशोधन वा खारेज गर्न सक्नेछ ।

स्थानीय तह

## अनुसूची १

## मेयरसँग रोजगार तथा उद्यमशिलता विकास कार्यक्रम

### (दफा ९ को उपदफा २ (क) सँग सम्बन्धित)

**सम्भावित उद्यमी वा व्यवसायीहरुको आवेदन फाराम :-**

| | | |
|---|---|---|
| उद्यमी वा व्यवसायी बन्ने व्यक्ति, समुह वा संस्थाको नामथर : | | |
| घरघुरी नं. | प्रदेश : | |
| जिल्ला : | नगरपालिका : | |
| वडा नं. | बस्ती वा टोलको नाम : | सम्पर्क नं. |

**संभावित उद्यमी वा व्यवसायीले भर्नु पर्ने यथार्थ विवरणहरु :**

| उपयुक्त कोठामा चिन्ह लगाउनस होस | | | | | |
|---|---|---|---|---|---|
| **क्र.स.** | **सूचकहरु** | **सम्भावित उद्यमी वा व्यवसायीको उत्तर** | | | |
| १ | उद्यमशीलता प्रतिको रुचि प्राथमिकता (१ सबैभन्दा बढी, ३ सबैभन्दा कमी) | १ | २ | | ३ |
| २ | शैक्षिक स्तर | उ. शिक्ष | माध्यामिक | प्राथमिक | साक्षर |
| ३ | उद्यम गर्न चाहनुको मूल उत्प्रेरणा | आमाबुबा | आफन्त | साथीभाई | आफै |
| ४ | उद्यम गर्नको लागि आवश्य रकम उपलब्ध छ ? | छ | | छैन | |
| ५ | परिवार तथा नातागोतामा कसैले उद्यम गर्नु भएको छ ? | छ | | छैन | |
| ६ | उद्यम सुरु गर्नका लागि चाहिने सीप, कला, खुबी वा अनुभव छ ? | छ | | छैन | |
| ७ | कुनै संस्था, समुह वा सहकारीको सदस्यता लिनु भएको छ ? | छ | | छैन | |
| ८ | तपाईको उमेर समुह कुन हो ? | १६-३० | ३१-४० | ४१-५० | ५१-६० |
| ९ | सुरु गर्न चाहेको उद्यम व्यवसायको स्थानीय माग बारे ज्ञान कस्तो छ । | राम्रो | मध्यम | | न्यून |
| १० | उद्यम गर्न चाहिने रकम कुन श्रोतबाट जुटाउनु हुन्छ । | आफै | परिवार | टो.वि.स. | बैक/आफन्त |
| ११ | उद्यमबाट हुने आम्दानीलाई कसरी प्रयोग गर्नुहुन्छ । | उत्पादनमूलक | वचत | | अन्य |
| १२ | तपाई उद्यम गर्न सक्नु हुन्छ भनेर परिवारका सदस्य ढुक्क छन | छन | | छैनन | |
| १३ | तपाईको परिवारको कुनै सदस्य रोजगारीमा हुनुहुन्छ । | हुनुहुन्छ | | हुनुहुदैन | |
| १४ | हाल तपाई कुनै पेसा व्यवसायमा | छ | | छैन | |

स्थानीय राजपत्र

| | | | | | |
|---|---|---|---|---|---|
| | संलग्न हुनुहुन्छ। | | | | |
| १५ | हाल तपाईको परिवारको मासिक आम्दानी कति छ। | रु. ५ हजारसम्म | रु. ६-१० हजार | रु. ११-१५ हजार | रु. १५ हजार माथि |
| | | | | | |

उपरोक्त अनुसारको बिवरण ठिक साँचो छ। कुनै बिवरण झुठा ठहरिए कानुन बमोजिम सहुला बुझौला भनि सहिछाप गरिदिए।

...............................................

## अनुसूची - २

## मेयरसँग रोजगार तथा उद्यमशिलता विकास कार्यक्रम

**(दफा ९ को उपदफा २ (ङ) सँग सम्बन्धित)**

उद्यम वा व्यवसायको व्यवसायिक परियोजनाको ढाँचा

१. उद्यम वा व्यवसायको नाम :...............................................

२. उद्यम वा व्यवसाय सन्चालन हुने स्थान : .................वडा नं. .....टोल ...............

३. उद्यमी वा व्यवसायीको नाम थर ................................ ठेगाना ........................ सम्पर्क नं. ...........

४. समूह वा साझेदारीतामा भए सदस्यहरुको

नाम थर : ...................................................... सम्पर्क नं. ...................

नाम थर : ...................................................... सम्पर्क नं. ...................

नाम थर : ...................................................... सम्पर्क नं. ...................

नाम थर : ...................................................... सम्पर्क नं. ...................

बजार योजना :

५. उत्पादन गर्ने बस्तु तथा सेवाको विवरण :

.....................................................

.........................................................

६. लक्षित ग्राह तथा बजार :

.......................................................

......................................................

स्थानीय राजपत्र

७. उत्पादन तथा विक्रि लक्ष्य :

| विवरण | उत्पादन लक्ष्य | विक्रि लक्ष्य | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |

उत्पादन योजना :

८. बस्तु तथा सेवाको उत्पादन प्रक्रिया :

९. स्थिर सम्पत्ती (जग्गा, घर, मेशिन तथा औजारहरु) मूल्य र मूल्यह्रास

| सि.नं. | स्थिर सम्पत्ती | इकाइ | दर रु. | जम्मा मूल्य रु. | टिकाउ अवधि | वार्षिक ह्रास कट्टी |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | जम्मा | | | | | |

**खर्च योजना :**

१०. कच्चा पदार्थहरु र मूल्य मासिक

| सि.नं. | कच्चा पदार्थको विवरण | इकाइ | दर | जम्मा मूल्य |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | **जम्मा** | | | |

**११. कामदार खर्च :**

| सि.नं. | कामदारको विवरण | संख्या | ज्याला रु. |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | **जम्मा** | | |

**१२. अन्य खर्चहरु :**

| सि.नं. | खर्चहरु | इकाइ | दर | प्रति लट मूल्य |
|---|---|---|---|---|
| | | | | |

स्थानीय राजपत्र

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | **जम्मा** | | | |

**१३. प्रति इकाइ उत्पादन लागत :**

**कच्चा पदार्थ खर्च+प्रत्यक्ष कामदार खर्च+अन्य खर्च**

कूल उत्पादन परिमाण

**कूल पूँजी लगानी :**

| **विवरण** | **रकम** | **कैफियत** |
|---|---|---|
| स्थिर सम्पत्ती (बुदा नं. ९ को) | | |
| कच्चा पदार्थ खर्च (बुदा नं. ११ को) | | |
| कामदार खर्च (बुदा नं. ११ को) | | |
| अन्य खर्च (बुदा नं. १२ को) | | |
| **जम्मा** | | |

**१४. वित्तीय योजना :**

| **लगानीको श्रोत :** | **रकम रु.** | **कैफियत** |
|---|---|---|
| स्व : लगानी : | | |
| बैंक ऋण | | |
| टोल विकास संस्थबाट | | |
| ईष्ट/मित्र/सापटी | | |
| कार्यक्रमबाट अपेच्छा गरेको | | |
| **जम्मा** | | |

**१५. अनुमानित नाफा नोक्सान :**

| **बिबरण** | **जम्मा रकम** | **कैफियत** |
|---|---|---|
| विक्रिबाट आम्दानी (विक्रि परिमाण×विक्रि मूल्य | | |
| चालु खर्च घटाउने (-) | | |
| कच्चा पदार्थ खर्च (बुदा नं. १० को) | | |
| कामदार खर्च (बुदा नं. ११ को) | | |
| **कूल नाफा** | | |
| स्थिर खर्च घटाउने (-) | | |
| अन्य खर्च (बुदा नं. १२ को) | | |
| व्याज (बुदा नं. १५ बाट) | | |
| ह्रास कट्टि (बुदा नं. ९ को ह्रास कट्टिबाट) | | |
| **खुद नाफा** | | |

स्थानीय राजपत्र

१६. लगानीमा प्रतिफल (प्रतिशतमा) : $\frac{\text{खुद नाफा} \times \text{१००}}{\text{कूल पूँजी लगानी}}$ =

१७. प्रस्ताव प्रस्तुतकर्ताको

नाम ..............................

हस्ताक्षर ............................

कोभिड-१९ बाट प्रभावित भए खुलाउने

स्थानीय राजपत्र